बैठक संख्याः- ६

आज मिति २०७९ साल असार १७ गते शुक्रवारका दिन विर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रा देवी महतारा प्रसाईज्यूको अध्यक्षतामा बसी निम्न वमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरी निम्न निर्णयहरु गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ्ग | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतवन्धु राजवंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना वि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री विनोद कुमार न्यौपाने | |

CamScanner

१) **निर्णय नं १-** रजिष्ट्रेशन प्रयोजनका लागि जग्गाको न्यूनतम मूल्य निर्धारण गर्ने सम्बन्धमा छलफल हुँदा बिर्तामोड नगरपालिका भित्र रहेका जग्गाहरुको भूमि सुधार तथा मालपोत कार्यालयको चालु आ.ब. को जग्गा मूल्याङ्कन दरका सबै स्लाबमा ५० प्रतिशत दरले मूल्याङ्कन बृद्धि गर्ने र सबै प्रकरणमा उल्लेखित बर्गीकरणमा उल्लेखित अन्तिम बर्गीकरणको(माथि प्रकरणमा उल्लेख भएका बाहेक अन्य सम्पूर्ण जग्गाहरु) महललाई हटाई त्यस भन्दा अघिल्लो वर्गीकरणको महलमा राखी समायोजन गर्न र जग्गाको किनबेच मूल्य कायम गर्नका लागि भूमिसुधार तथा मालपोत कार्यालयलाई लेखि पठाउने र सोही बमोजिम वडा कार्यालय मार्फत् घरबाटो सिफारिसमा समेत खुलाई पठाउने निर्णय गरियो ।

२) **निर्णय नं २-** खोप समन्वय समितिको मिति २०७९।०३।१७ गते बसेको बैठकबाट बिर्तामोड नगरका १० वटै वडाहरु सम्पूर्ण प्रक्रिया पूरा गरी पूर्ण खोप युक्त वडा घोषणा भई सकेको र पूर्ण खोपयुक्त वडा घोषणा समेतलाई आधारमानी बिर्तामोड नगरपालिकामा लाई पूर्ण खोप नगर घोषणाका लागि कार्यपालिकामा पेश भई आएको हुदाँ उक्त निर्णयलाई अनुमोदन गरि बिर्तामोड नगरपालिकालाई पूर्ण खोपयुक्त नगर घोषणा गरी सोही अनुसार कार्यान्वियन गर्ने निर्णय गरियो ।

३) **निर्णय नं ३-** बिर्तामोड नगरपालिकाको कृषि विकास शाखाद्धारा सञ्चालन गरिएको मेयर विषादीमुक्त नगर कार्यक्रममा संलग्न गरिएको व्यवसायिक तरकारी उत्पादक कृषकहरुबाट वर्खे तरकारी खेतीका लागि आवश्यक प्लाष्टिक मल्चिङ्गको माग आएकोमा उक्त शीर्षकमा भएको रकमबाट थोरै मात्र मल्चिङ् खरिद गरि कृषकहरुलाई उपलब्ध गराईसकिएको हुँदा थप मल्चिङ्क खरिद गरि कृषकलाई उपलब्ध गराउन कृषि विकास शाखाको तरकारी संकलन तथा बिक्री केन्द्रलाई बिनियोजित रकम रु ६,४०,०००।- बाट १२० बटा मल्चिङ्ग खरिदका लागि ६,२४,०००।- संशोधन रकमान्तर गर्ने निर्णय गरियो ।

CamScanner

४) **निर्णय नं ४-** पशुपन्क्षी तथा मत्स्य विकास शाखाको चालु आ.ब.को स्वीकृत बजेट तथा कार्यक्रममा शीर्षक नम्बर ८.१ को साहारा नेपालसँगको साझेदारी कार्यक्रममा बिनियोजन भएको २५ लाख मध्येबाट कृत्रिम गर्भाधानको लागि २ लाख ५० हजार र बंगुरको सेफ्टी टंकी निर्माणको लागि रु ३८ हजार गरी जम्मा २ लाख ८८ हजार उक्त शीर्षकहरुमा रकमान्तर गरी खर्च गर्ने निर्णय गरियो ।

CamScanner